# सुचना !        सुचना !!        सुचना !!!

## अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको अत्यन्त जरुरी सुचना

### (तेश्रो पटक प्रकाशित मिति :२०७५/६/२६)

प्रस्तुत विषयमा यस गाउँपालिकाको गाउँकार्यपालिकाको मिति २०७५/६/५ गतेको निर्णय अनुसार दोश्रो पटक मिति २०७५/६/१५ गते सूचना प्रकाशित भएकोमा कबोल हुन बाँकी रहेका तपसिल बमोजिमका पोखरीहरुको न्यूनतम कबोल अंक घटाई तपसिल बमोजिम कायम भई सो पोखरीहरुको ठेक्का खुला डाक बढाबढ प्रक्रियाबाट हुने भएकोले सम्बन्धित ईच्छुक व्यक्तिहरुले उल्लेख्य सहभागिता जनाउन सर्वसाधारण सबैमा जानकारीको लागि यो सुचना जारी गरिएको छ।

तपसिल :

| क्र.सं. | स्थान | न्यूनतम डाक अंक | ठेक्का अवधि | नाम दर्ता मिति | खुला डाक बढाबढ हुने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अ.कृ.स. गा.पा.वडा नं. ४ मा रहेको भोकैर दह पोखरी | १,११,००१। | २०७५/७/१२ देखी ३ वर्ष सम्म | २०७५/७/९ कार्यालय समय भित्र (१ दिन मात्र) | २०७५/७/११ गते दिउँसो १:०० बजे देखी ३:०० बजे सम्म | |
| २ | अ.कृ.स. गा.पा.वडा नं. ४ मा रहेको अमसोत पोखरी | ६०,००१। | २०७५/७/१२ देखी ३ वर्ष सम्म | २०७५/७/९ कार्यालय समय भित्र | २०७५/७/११ गते दिउँसो १:०० बजे देखी ३:०० बजे सम्म | यस अघि प्रकाशित हुन छुटेको |

### नियम तथा शर्तहरु:

१. दर्ता बापत फिर्ता नहुने गरी रु १००० नगदै बुझाउनु पर्नेछ।

२. नाम दर्ताको समयमा नाम छुटेकाले डाक बढाबढ हुने दिन डाक समय भन्दा अगाडी दोव्वर दस्तुर तिरी नाम दर्ता गराउन सक्नेछ।

३. डाक बढाबढ संम्वन्धित वडा कार्यालयहरुमा हुनेछ।

४. बोलकबोलमा सहभागिता जनाउनेले नेपाली नागरिकताको प्रतिलिपी सहित नाम दर्ता गराउनु पर्नेछ।

५. डाक बढाबढमा आफूले कबोल गरेको स्वीकृत अंकको ५ प्रतिशत रकम तत्काल जम्मा गर्नुपर्नेछ।

६. बोल कबोल अंक स्वीकृत भएपछि सम्वन्धित ठेकेदारले गाउँपालिका कार्यालयको रा.वा.बैक राजविराजमा रहेको संचित खाता नं.२१८०३०४०१८१०६ मा एकमुष्ट रकम दाखिला गरी १० प्रतिशत सम्म छुट लिन सक्नेछ।

७. बोल कबोल अंक स्वीकृत भएको मितिले ७ दिनभित्रमा ३ वर्षको ३ किस्ता रकम मध्ये प्रथम किस्ता वापतको रकम बुझाई चलन पुर्जी लिनु पर्नेछ। जसमा प्रथम किस्तामा ४० प्रतिशत, दोश्रो किस्तामा ४० प्रतिशत र अन्तिम वा तेश्रो किस्तामा २० प्रतिशत रकम बुझाउनु पर्नेछ। दोश्रो किस्ताको रकम दोश्रो वर्ष अगावै र तेश्रो किस्ताको रकम तेश्रो वर्ष अगावै बुझाउनु पर्नेछ।

८. चलन पुर्जी अगावै दोश्रो र तेश्रो किस्ता वापतको रकम धरौटी स्वरुप बैक ग्यारेन्टी वा कानुन बमोजिमको जमानत दिनुपर्नेछ। सो को जानकारी पत्र सहित सम्झौता गरी चलन पुर्जी लिनु पर्नेछ।

९. ठेकेदारले सम्झौताको शर्त र नियम प्रचलित ठेक्का सम्झौता ऐन नियम तथा गा.पा.को प्रत्यक्ष नीति निर्देशनमा रही सञ्चालन गर्नुपर्नेछ , सम्झौता विपरित कार्य गरेमा जुनसुकै समयमा गा.पा.ले एक तर्फी सम्झौता भंग गरी वैकल्पिक व्यवस्था गर्न सक्नेछ। सो निर्णय उपर कही कतै उजुर बाजुर लाग्ने छैन लागेमा यही सम्झौता बमोजिम रद्द भएको मानिनेछ।

१०. लिखित नाम दर्ता भएको व्यक्तिले मात्र बोल्न पाईनेछ।

११. ठेक्का सम्बन्धी अन्य सर्तको जानकारीको लागि अग्नीसाईर कृष्णासवरन गाउँपालिका कार्यालयमा सम्पर्क गर्नु पर्नेछ।

१२. ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार गाउँपालिकामा निहित रहनेछ।

Scanned by CamScanner

१३. ठेक्का सम्बन्धी अन्य जानकारी बुझ्नु परेमा गाउँपालिका कार्यालयको कार्यालय समय भित्र सम्पर्क राख्नु पर्नेछ।
१४. साविक गा.वि.स.को पेश्की बाकी ,ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले बाकी बक्यौता नबुझाई कुनै पनि ठेक्का प्रक्रियामा भाग लिन पाईने छैन ।
१५. ठेक्का बन्दोबस्त भईरहेको अवस्थामा रहेको पोखरीको अवस्थामा कुनै किसिमको संरचना हेरफेर गर्न पाईने छैन साथै पोखरीहरु सामान्य मर्मत सम्भार गर्नुपरे ठेकेदार स्वंयमले गर्नुपर्नेछ र सामान्य मर्मत सम्भारको रकमको दाबी गाउँपालिकामा गर्न पाईने छैन ।
१६. ठेक्का बन्दोबस्त भैसकेपछि कुनै किसिमको दैवी प्रकोप विपद ,खडेरी भएमा त्यसको जिम्मेवार स्वंयम ठेकेदार नै हुनुपर्नेछ । सो को कबोल गरेको रकममा मिनहा हुने छैन ।
१७. कुनै व्यक्ति वा फर्मको नामबाट खरिद गरेको बालपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।
१८. पोखरीको सरसफाई ठेकेदार पक्षले गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner